निर्णयः

१. हाल सार्वजनिक यातायात, व्यापार, उद्योग कलकारखाना लगायतका क्षेत्रहरुमा मानिसहरुको भिडभाड बढ्दै गइरहेको देखिएकोले यसबाट नेपालमा कोभिड-१९ महामारी बढ्न सक्ने सम्भावनालाई ध्यानमा राखि यस सम्बन्धमा नेपाल सरकारले गरेका सबै निर्णयहरुको सम्बद्ध सबै मन्त्रालय/निकायहरुले कडाइकासाथ लागू गर्ने।

२. कोभिड-१९ महामारी रोकथाम, नियन्त्रणको सम्बन्धमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयद्वारा जारी स्वास्थ्य सम्बन्धी मापदण्ड, गृह मन्त्रालयबाट जारी सुरक्षा सम्बन्धी मापदण्ड तथा अन्य क्षेत्रगत मन्त्रालयहरुले तय गरेका मापदण्डहरुको कडाइका साथ पालना गर्ने गराउने। साथै सम्बन्धित मन्त्रालयहरुले मापदण्डको पालना भए/नभएको सम्बन्धमा कडाईका साथ अनुगमन गर्ने।

३. नेपाल बाहिरबाट कामदारहरु ल्याउने सिफारिस गर्दा अत्यावश्यक र स्वास्थ्य मापदण्डको पूर्ण पालना गर्ने सुनिश्चितता गरी सिफारिस गर्ने व्यवस्था मिलाउने र त्यस्ता कामदार आइसकेपछि अनिवार्य रुपमा क्वारेन्टिनमा राख्ने व्यवस्था सम्बन्धित निकायले मिलाउने।

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

मुख्य सचिव